<u>पर्यटन नीतिगत अन्तरक्रिया</u>

मिति २०८१ साल माघ ८ गते मंगलबारका दिन पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय बद्री प्रसाद पाण्डे ज्यूको विशेष उपस्थिति एवम् कोशी प्रदेश, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय सदानन्द मण्डल ज्यूको समुपस्थिति र कोशी प्रदेशका पर्यटन सम्वद्द तपशिल बमोजिमका सरोकारवालाहरुको सहभागीतामा पर्यटन सम्वन्धि अन्तरक्रियात्मक कार्यक्रम संचालन भयो । कार्यक्रममा विराटनगर विमानस्थल, NATA कोशी, होटल व्यवसायी संघ, होटल व्यवसायी महासंघ, कपुरी न्यूज, होटल तथा पर्यटन व्यवसायी संघ, पत्रकार एवम् सन्चारकर्मी लगायतको उपश्थिति रहेको थियो । सहभागीहरुले कोशी प्रदेशको समग्र पर्यटन विकासका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल पर्यटन वोर्डले समन्वय तथा साथ सहयोग गर्नुपर्ने, विराटनगर विमानस्थलबाट पहाडी जिल्लाहरुका साथै छिमेकी मूलुक भारतको कलकत्ता, गुवाहाटी र दिल्लीका साथै भुटान र बर्मासम्म जहाज संचालयन गर्न पहल गर्नुपर्ने, पर्यटकसंग सरोकार राख्ने होटल संचालक तथा कर्मचारीहरु, सवारी यात्रामा जोडिने चालक तथा सह-चालकहरु, पर्यटक सुरक्षा सम्वन्धी सरोकारवाला निकायका कर्मचारीहरुलाई आतिथ्यता सम्वन्धी तालिम तथा अनुशिक्षण गर्नुपर्ने, भारतीय पर्यटकहरुले नेपाल प्रबेश गर्दा ल्याउन मिल्ने रकमको सिमा बढाउनुपर्ने, नेपाल-भारत अनलाइन पेमेन्ट गेटवेलाई सहज वनाउनुपर्ने जस्ता विषयहरु औंल्याउनु भयो । आगामी वर्ष २०८२ लाई प्रदेश पर्यटन वर्षको रुपमा सफल बनाउन पर्यटन सम्वद्ध सरकारी, गैह्र-सरकारी र निजी सबै निकायहरुले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने कुरा मन्त्री बद्री प्रसाद पाण्डेले राख्नुभयो ।




